बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

खण्ड ४ बर्ष ४ अंक ९ मिति : पुस ९ गते २०७७

**स्थानीय सकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन, नियम, कार्यविधी, नीति सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# भाग -२

# अनुदानमा म्याचिङ्ग प्लाष्टिक वितरण कार्यक्रम कार्यविधि– २०७७

**कार्यपालिकाबाट पारित मितिः २०७७।०८।३०**

**पृष्ठभूमिः**

बुद्धभूमि नगरपालिका भित्र रहेका विपन्न परिवारका कृषकहरुलाई व्यवसायिक कृषि पेशामा आवद्धगरि आय आर्जन गर्न तथा बुद्धभूमि नगरपालिकामा कृषि उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्न कार्यक्रमलाइ व्यवस्थीत सरल, सहज,प्रभावकारी र पारदर्शि रुपमा स्थापना र संचालन गर्न स्थानिय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा (२) बमोजिम तथा बुद्धभूमिको प्रशासकीय कार्याविधि नियमित गर्ने ऐन २०७५ बमोजिम कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकासन भए पछि लागु हुने छ।

**१. प्रारम्भिक**:

**क) संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नाम **अनुदानमा मच्चिङ प्लाष्टीक वितरण कार्यक्रम कार्यविधि, २०७७** रहेको छ।

२. यो कार्यविधि बुद्धभूमि नगर कार्यपालिका वाट स्विकृत भएपछि लागु हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा।

२.१ **''कार्यालय''** भन्नाले बुद्धभूमि नगरपालिकाको कार्यालय सम्झनु पर्नेछ।

२.३ **''कृषि विकास शाखा''** भन्नाले बुद्धभूमि नगरपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्ने छ।

२.२ **''कार्यविधि››** भन्नाले **अनुदानमा मच्चिङ प्लाष्टीक वितरण कार्यक्रम कार्यविधि, २०७७** रहेको छ।

**३. उद्देश्यः**

यस कार्यविधिका उद्धेश्यहरु देहाय बमोजिम रहेका छनः

३.१ अनुदान वितरण नीतिलाई प्रकृयामुखि बाट परिणाममुखि लर्फ लैजाने।

३.२ व्यवासायिक रुपमा तरकारी खेतिको विस्तार गर्ने।

३.३ समायानुकुल कृषि प्रविधिको अवलम्वन गर्ने।

**४. कार्य संचालन र प्रक्रियाः**

४.१ नगरपालिकाको कार्यालयले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषक समुह/कृषि सहकारी/कृषि फार्म /व्यवसायिक कृषक लागि १५ दिनको प्रस्ताव आव्हवान हुनेछ।

४.२ यस कार्यक्रममा सम्मिलित हुन वुँदा नं. ५.३ वमोजिम मापदण्ड पुरा गरेका कृषक समुह/कृषि सहकारी/कृषि फार्म / व्यवसायिक कृषकले तोकिएको म्याद भित्र र्निधारित ढाँचा बमोजिमको निवेदन नगरपालिकाको कार्यालयमा दिनुपर्ने छ।

**४.३ कृषक छनौटको मापदण्ड तथा प्राथमिकीकरण**

**क) कृषक छनौटको मापदण्ड**

अ) कम्तीमा ३ देखि माथि (कठ्ठा)मा तरकारी खेती गरिरहेको।

आ) आधुनिक प्रविधि अपनाउने मनसाय भएको।

इ) २५ प्रतिशत लगानी गर्न प्रतिवद्धता व्यक्त गरेको।

ई) प्लाष्टीक मल्चिङ सम्वन्धि ज्ञान भएको।

**ख) कृषक छनौटको प्राथमिकिकरण देहाय बमोजिम हुने छ।**

अ) हाल सम्म कुनै प्रकारको अनुदान प्राप्त नगरेको लाई प्राथमिकता दिइने छ।

आ) सामुहिक खेती गर्नेलाई प्राथमिकता दिइने छ।

इ) प्राविधिक रुपले उपयुक्त।

ई) वडा कार्यालयको सिफारिस संलग्न गरेको।

उ) नेपाली नागरिकता भएको।

४.४ वडा कार्यालयवाट सिफारिस भई आएका कृषकहरु आवेदन, प्रस्ताव उपर छानविन तथा मूल्यांकन गर्नको लागि तपशिल अनुसारको मूल्यांकन समिति रहने छ।

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| नगर उप-प्रमुख | सह-संयोजक |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| आर्थिक विकास समिति संयोजक | सदस्य |
| कार्यपालिका सदस्य मध्ये १ जना | सदस्य |
| लेखा प्रमुख | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

आवश्यकता अनुसार आमन्त्रित सदस्य बोलाउन सकिने छ।

४.५ कार्यालयले बुदा नं. ४.३ अनुसार कृषि विकास शाखामा प्राप्त भएका मध्ये न्युनतम मापदण्ड पुरा

गरेका कृषक समुह/कृषि सहकारी/कृषि फार्म / व्यवसायिक कृषकलाई छनोट गरी नगरपालिकामा पठाउनु पर्ने छ ।

४.६ उपदफा ४.४ अनुसारको मूल्यांकन समितिले पर्न आएका निवेदनहरुको मूल्यांकन गरी अनुदान उपलब्ध गराउन नगरपालिका समक्ष सिफारिस पेश गर्ने छ ।

**५. प्रस्तावित आर्थिक आधार :** सार्वजनिक खरिद प्रकृया बमोजिम खरिद भएको मल्चिङ प्लाष्टीकको ७५ प्रतिशत रकम नगरपालिकाले र बाँकी २५ प्रतिशत रकम छनौटमा परेका कृषकले व्यहोंनु पर्ने छ ।

**६. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्वन्धी व्यवस्था:**

यस कार्यक्रमको अनुगमन बुद्धभूमि नगरपालिका को अनुगमन समितिले गर्नेछ र सोको मूल्यांकन गरी प्रतिवेदन बुद्धभूमि नगरपालिकामा पेश गर्नु पर्ने छ ।

**७. थपघट वा हेरफेर गर्न सक्ने**

७.१ यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर गर्न सक्नेछ ।

२.२ यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ ।

३.३ यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन नगरपालिकाले गर्न सक्नेछ ।

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत